# मेलम्ची नगरपालिका

## नगर कार्यपालिकाको बैठकबाट नगर सभा समक्ष निर्णयार्थ पेश गर्ने स्वीकृत भएका प्रस्तावहरुः

मिति २०७७ आषाढ ०७

१. संलग्न अनुसूची बमोजिमको गत आ.ब. २०७५/७६ को यथार्थ, चालु आ.ब. २०७६/७७ को संशोधित र आगामी आ.ब. २०७७/७८ को अनुमानित **आय व्यय** विवरण स्वीकृत गर्ने।

२. संलग्न अनसूची बमोजिम यस नगरपालिका क्षेत्र भित्र लागु हुने कर तथा गैर करका दरहरु सहितको **आर्थिक विधेयक,** २०७७ स्वीकृत गर्ने।

३. संलग्न अनसूची बमोजिम मेलम्ची नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को यथार्थ खर्च, आर्थिक वर्ष २०७६/०७७ को संशोधित अनुमानित खर्च र आ.व. २०७७/०७८ को प्रस्तावित अनुमानित खर्चको वार्षिक आय व्यय अनुमान समेटिएको **विनियोजन विधेयक,२०७७** तथा वार्षिक नगर विकास नीति, बजेट तथा कार्यक्रम समेटिएको वार्षिक नगर विकास योजना स्वीकृत गर्ने ।

४. संलग्न अनुसूची बमोजिमको मेलम्ची नगरपालिकाको नगर शिक्षा ऐन, दोश्रो संशोधन विधेयक, २०७७ स्वीकृत गर्ने।

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ७८ बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन गरिने कार्य मितब्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यन्वयनमा ल्याउन तथा सार्वजनिक स्रोतको मितब्ययी, प्रभावकारी र दक्षतापुर्ण उपयोगको लागि आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यन्वयन गर्नुपर्ने हुँदा नगर कार्यपालिकाले **आन्तरिक नियन्त्रण कार्यविधि** बनाई लागु गर्ने।

६. नगरपालिकाको राजश्व संभाव्यता अध्ययन गरी तयार भएको राजश्व सुधार कार्ययोजना स्वीकृत गर्ने । साथै आ.ब. २०७७/७८ लाई **कर संकलन अभियान बर्ष**को रुपमा कार्यक्रम, कार्ययोजना र तालिका बनाई कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने । विनासकारी भूकम्पले तहसनहस पारेको वर्ष २०७२ श्रावण भन्दा पछाडिको सम्पत्ति कर र मालपोत बुझाउने नगरवासीहरुको सो भन्दा अगाडिको सम्पत्ति कर र मालपोत/भूमि **कर छुट दिने**।

७. यस नगरपालिकामा चालु आ.व. २०७६/७७ आषाढ मसान्तसम्म कार्यरत स्थायी र अस्थायी कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने।

८. महालेखा परिक्षकको कार्यालयबाट सम्पन्न आ.ब. २०७५/७६ को यस नगरपालिकाको आय ब्ययको अन्तिम लेखा परिक्षण प्रतिबेदनमा औल्याएका बेरुजुहरु लेखा समितिको सुझाब अनुसार सम्परीक्षण तथा फछर्यौटका बाँकी प्रक्रियाहरु अगाडि बढाउने ।

९. नगर सभाले निर्णय गर्ने भनी प्रचलित कानूनमा किटान भएका विषय बाहेक नीति कार्यक्रम, योजना, बजेट मापदण्ड, बजेट संशोधन (थपघट) र अत्यावश्यक बाधा अड्काउ फुकाउ सम्वन्धी कामको लागि तत्काल नगर सभाको बैठक बस्न नसक्ने भएमा त्यस्ता निर्णयहरु गर्न सक्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

१०. नगरपालिकाले आफ्नो कोषबाट मात्र कार्यान्वयन गर्न सम्भब नभएका संलग्न अनुसूची बमोजिमका योजनाहरु कार्यान्वयनको लागि प्रदेश सरकार, संघीय सरकार र सरकारी वा गैरसरकारी संस्थाहरुसंग संयुक्त रुपमा वा संघ/प्रदेशले एकल रुपमा कार्यान्वयन गर्न बजेट उपलव्धताको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।

११. नगरपालिका, वडा र मातहतका कार्यालयहरुबाट भए गरेका कार्यको प्रगति विवरण समेटी अर्धबार्षिक/बार्षिक प्रतिवेदन प्रकाशित गर्ने ।

१२. नगरपालिका क्षेत्रभित्रका तपशिलका योजनाहरु बहुवर्षीय (क्रमागत) योजनाको रुपमा बजेट उपलब्धता अनुसार क्रमशः कार्यान्वयन गर्दे जाने ।

१. मेलम्ची सिटी पार्क – वडा नं. १०
२. मेलम्ची स्वप्न सरोवर
३. नगरपालिका भवन परिसर तथा कम्पाउण्ड निर्माण
४. फोहरमैला व्यवस्थापन केन्द्र निर्माण– वडा नं. ११
५. मेलम्ची बस पार्क निर्माण– वडा नं. ११
६. नगर चक्रपथ निर्माण/स्तरोन्नती
७. वडा नं. १, २ र ५ को कार्यालय भवन निर्माण

१३. नगरपालिका कार्यालयमा बिभिन्न समयमा सेवा करारमा तथा ज्यालादारीमा सम्झौता गरी कामकाज लगाएतका कर्मचारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक खर्च अनुमोदन गर्ने ।

१४. यस नगरपालिकामा अस्पताल निर्माण गर्नको लागि जग्गा खरिद गरी सकिएको हुँदा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी भवन निर्माण गर्नको लागि आवश्यक पूर्वाधार र बजेट व्यवस्थापन गर्न बागमती प्रदेश सामाजिक विकास मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने । साथै अस्पताल सेवा संचालन प्रक्रिया र क्षमता विकासको लागि सहयोग गर्न सम्बन्धित स्वास्थ्य संस्थासंग समन्वय र सहयोगको पहल गरी आगामी आर्थिक वर्षभित्र नगर अस्पताल निर्माणको कार्य शुरुवात गर्ने ।

१५. यस नगरपालिका भित्र रहेका सडकहरु, खोला, नदी र मुख्य पूर्वाधारहरुको सूची तयार गरी तिनीहरुको मापदण्ड र अवस्थाबारे कार्यविधी बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्न कार्यपालिका मार्फत भौतिक पूर्वाधार विकास र विधेयक समितिलाई निर्देशन दिने । साथै नगरपालिकाको नगर यातायात गुरु योजना (MTMP) तयार भएकोमा नगरको आवश्यकता र परिस्थिती अनुसार परिमार्जन पश्चात स्वीकृत गरी कार्यान्वयनमा लैजाने ।

१६. मेलम्ची नगरपालिका भित्र रहेको खानेपानी समस्या समाधानको लागि हालसम्म भएका पूर्वाधारहरुको लगत संकलन गरी आगामी दिनमा एक घर एक धारा पुर्याउन गर्नुपर्ने कार्ययोजना र कार्यविधी निर्माण गरी अन्य संघ संस्थाहरु समेतसँगको साझेदारीमा उल्लेखित योजनाहरुको समन्वय र व्यवस्थापन सहित खानेपानीको गुरुयोजना निर्माण गरी थप नयाँ योजना शुरुवात गरी तीन वर्षभित्र खानेपानीको समस्या समाधान गर्ने कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।

१७. मेलम्ची नगरपालिकाको बस्ती विकास गर्न सम्भाव्यता रहेको वडा नं. १० को सिम्ले बगर र वडा नं. १२ को बाहुनेपाटी क्षेत्रमा (Land Pooling) अवधारणा अनुसार बस्ती विकास योजना तयार गर्न शहरी विकास तथा भवन निर्माण विभागबाट विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी शुरु भएकोमा यस आर्थिक वर्षमा निर्माण कार्य शुरुवात गर्न आवश्यक कार्ययोजना तयार गर्ने ।

१८. यस नगरपालिकाबाट विगत वर्षहरु देखि नै लक्षित वर्ग (महिला, बालबालिका, आदिवासी, जनजाती, दलित, ज्येष्ठ नागरिक, दृष्टि विहिन, अशक्त अपाङ्ग (फरक क्षमता) लगायतका क्षेत्रमा बजेटको महत्वपूर्ण अंश खर्च गर्दै आएकोमा आवश्यकता अनुसार आ.ब. २०७७/७८ मा समेत यस्ता कार्यक्रमलाई प्राथमिकताका साथ नगरपालिकाको तर्फबाट योजना बनाई कार्यान्वयन गर्ने । नगर भित्र रहेका फरक क्षमता भएका व्यक्तिहरु (अशक्त अपाङ्ग) को तथ्याङ्क अद्यावधिक गरी उपयुक्त कार्ययोजना बनाउने ।

१९. यस नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई सो बिद्यालयको निर्णयको आधारमा निर्णय गरी सञ्चालन/विकास अनुदान दिने, साथै सार्वजनिक विद्यालयहरु आपसमा सहकार्य गर्न आवश्यक पर्ने प्रक्रिया परिमार्जन गरी संचालन गर्ने कार्यविधी बनाई कार्यान्वयन गर्ने ।

२०. यस नगरपालिका भित्रका विद्यालयहरुको शिक्षालाई व्यवसायिक, जीवनोपयोगी र स्वाबलम्बी बनाउन विद्यालयहरु बीच आपसी सहयोग र समन्वयमा सामुहिक योजना निर्माण गरी उपयूक्त कार्ययोजना, कार्यविधी र निर्देशिका निर्माण गरी लागु गर्ने ।

२१. आ.व.०७७/७८ मा बजेट विनियोजित योजना कार्यान्वयन गर्दा कुनै एक महत्वपूर्ण योजनामा बढिमा २०% सम्म थप गर्दा कार्य सम्पन्न हुने र अर्को वर्ष बजेट आवश्यक नपर्ने अवस्था भएमा वडा समितिबाट निर्णय गराई शुरुमा लागत अनुमान गर्दा नै एकै पटक गरेर सम्झौता गरी कार्यान्वयन गर्ने व्यवस्था गर्ने ।

२२. २०७२ सालको भुकम्पबाट पूर्ण क्षति भएका भूकम्प पिडित लाभग्राही छनौट र निर्णय गर्न केहि कार्य अझै बाँकी रहेको देखिन आएको हुँदा आ.व. २०७७/७८ मा समेत यस कार्यलाई निरन्तरता दिन राष्ट्रिय पुननिर्माण प्राधिकरणलाई अनुरोध गर्ने ।

२३. मेलम्ची नगरपालिकाभित्र निर्माण गर्न पर्ने/निर्माणधिन देहायका पूर्वाधार योजनालाई महत्वपूर्ण प्राथमिकताको योजनाको रुपमा स्वीकृत गरी प्रदेश सरकार, संघीय सरकार एवं अन्तर्राष्ट्रिय गैर सरकारी दातृ संस्थाको सहयोगमा बजेट व्यवस्थापन गरेर क्रमशः अघि बढाउने ।

१. मेलम्ची स्वप्न सरोवर

२. मेलम्ची सिटी पार्क

२४. यस नगरपालिकाको कार्यबोझ, कार्य प्रकृति र आवश्यकताको आधारमा आवश्यक संगठन संरचना र दरबन्दी सम्बन्धी विस्तृत रुपमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गरी प्राप्त प्रतिवेदनको आधारमा संलग्न अनुसूचि बमोजिमको संगठन संरचना र दरबन्दी स्वीकृत गरी कार्यान्वयन गर्ने ।

२५. यस नगरपालिकालाई बालमैत्री नगरपालिकाको रुपमा विकास गरी बालमैत्री नगर घोषणा गर्न कार्यकम बनाई कार्यान्वयन गर्ने ।

२६. नगरपालिका कार्यालयको जिन्सी निरीक्षण गराई प्रतिवेदन प्राप्त गरी सो प्रतिवेदनलाई प्रचलित कानुन बमोजिम लिलाम, बिक्री तथा मिनाहा गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने । साथै, वार्षिक खरिद योजना तयार गरी सस्तो एवं गुणस्तरीय सामाग्री खरिदको योजना बनाउने ।

२७. यस नगरपालिकाको स्वीकृत बजेट कार्यान्वयन गर्दा कट्टी भएको कन्टेन्जेन्सी रकमबाट विकास योजना तथा कार्यक्रमको अनुगमन, मुल्याङ्कन, दैनिक भ्रमण भत्ता खर्च, सवारी साधन भाडा तथा खरिद, फर्निचर, मेशिनरी औजार खरिद, कार्यालय सामान तथा आवश्यकता अनुसार विविध खर्च समेत गर्न सकिने ।

२८. घर जगा/नक्सापास सम्बन्धमा बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ (प्रथम संशोधन सहित) र सो मा भएको पछिल्लो संशोधनमा भएका व्यवस्थालाई आधार मान्दै यस नगरपालिकाबाट तयार गरिने भवन निर्माण मापदण्ड (Building Bylaws) सम्वन्धी कार्यविधी स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।

२९. नगर सभावाट स्वीकृत भएको व्यय अनुमानको पुंजिगत खर्चको तपशिलमा उल्लेखित कोषहरुमा राखिएको रकमको परिचालनको लागि आवश्यकतानुसार कोष सञ्चालन कार्यविधी बनाई निर्णय गरी कार्यान्वयन गर्ने ।

क) विपद व्यवस्थापन कोष

ख) मर्मत संभार कोष

ग) कर्मचारी कल्याण कोष

घ) कृषि विकास कोष

ङ) पर्यटन विकास कोष

च) नगर शिक्षा कोष

छ) वातावरण तथा फोहोरमैला व्यवस्थापन कोष

३०. नगर सभाले आर्थिक वर्ष २०७६/०७७ का लागि स्वीकृत गरेका योजना तथा कार्यक्रम र नगर कार्यपालिकाको बैठकबाट निर्णय भएको संशोधन सहितको योजना तथा कार्यक्रमहरु र नेपाल सरकारबाट आ.व २०७६/७७ का लागि विनियोजित सर्शत तथा थप बजेटको बाँडफाडको आधारमा नगर कार्यपालिका, नगर प्रमुखस्तर, उप प्रमुखस्तर, प्रमुख प्रशासकीय अधिकृतस्तर तथा नगर कार्यपालिकाको कार्यालयबाट भएको निर्णय, योजना तथा कार्यक्रमको कार्यन्वयनको बिषय तथा सो बमोजिम भएको सम्पूर्ण खर्चलाई समर्थन तथा अनुमोदन गर्ने। साथै वार्षिक प्रगति विवरण तयार गरी सम्वन्धित निकायमा पठाउने।

३१. नगरपालिकाबाट आर्थिक सहायता, सानातिना अनुदान, चन्दा आदि बापत एक पटकमा बढिमा रु २५,०००।– (अक्षरपी पच्चीस हजार रुपयाँ मात्र) सम्मको रकम दिने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने। उपचार सहयोग, बिज्ञापन सहयोग तथा खेलकुद सहयोग सम्बन्धी सहयोग वितरण कार्यविधी बनाई लागु गर्ने।

३२. नगरपालिकामा आ.व.०७७/०७८ देखि पूर्वाधार निर्माणको काम उपभोक्ता समितिबाट गराउँदा लागत सहभागिता बापत देहाय बमोजिमको श्रमदान/नगद व्यहोर्नु पर्ने व्यवस्था गर्ने। साथै सडकको ट्र्याक खोल्दा पक्की नाली अनिवार्यरुपमा बनाउने गरी लागत अनुमान गर्ने तथा नयाँ निमार्ण गर्ने सडकमा बायोईन्जिनियरिङ (सडक दायाँ बायाँमा वृक्षारोपण) अनिवार्य रुपमा गर्नु पर्ने। यस कार्यको लागि नगरपालिकाले छुट्टै शीर्षकमा बजेट ब्यवस्था गरि कार्यान्वयनको ब्यवस्था मिलाउने।

क) पिच, ग्रावेल, ढल, मेसिनरी वाल, सवै किसिमको सडक/बाटो तथा अन्य बाँकी निर्माण सवै कार्यमा – १० प्रतिशत

ख) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग, दलित, दृष्टिविहिन, विपन्न वर्गका र शिक्षा तथा स्वास्थ्य कार्यक्रममा – ५ प्रतिशत।

तर, कुनै योजनामा जनसहभागिता उठ्न नसक्ने बिशेष अवस्था भएको, सामाग्री ढुवानी गर्नु पर्ने, गाह्रो ठाउँ भएको, योजना कार्यान्वयन अवस्था जटिल भएको भनी उपभोक्ता समिति र सम्वन्धित वडाबाट सिफारिस भएको अवस्थामा जनसहभागिता कम गर्ने वा छुट गर्ने अधिकार नगर प्रमुखलाई दिने।

३३. यस नगरपालिका भित्र रहेका सहकारीहरु मार्फत नगरमा प्रत्यक्ष रुपमा आर्थिकस्तर वृद्धि गरी कृषि, पशु, लघु उद्योग ब्यवसाय र आर्थिक गतिविधी वृद्धि र रोजगार सृजना हुने कार्यक्रममा लगानी गर्न प्रोत्साहित गर्ने । सहकारीहरु र नगरपालिका मिलेर नमुना बिशेष योजना/कार्यक्रम बनाई कार्यान्वयन गर्न प्रोत्साहन गर्ने नीति बनाई लागु गर्ने । टोल विकास समिति/समूहहरुले रोजगार, उत्पादन र उद्यमशिलताका निश्चित योजना र पूँजी श्रोत सहित निर्णय पेश गरेमा नगरपालिकाले आर्थिक र प्राविधिक सहजिकरणमा सहयोग पुर्याउने ।

३४. नगर सभाबाट पारित विषयगत वा क्षेत्रगत बजेटलाई योजना/कार्यक्रम बनाई स्वीकृत गरी कार्यान्वयन तालिका बनाई कार्यान्वयन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने । साथै पूर्वाधार सम्वन्धी ठुला योजनाहरु अनिवार्य रुपमा सार्वजनिक खरिद ऐन बमोजिमको खरिद प्रकृया अपनाई कार्यान्वयन गरिने ।

३५. चालु आ.व. २०७६/७७ मा नगर सभा र नगर कार्यपालिकाबाट निर्णय भई संझौंता भएका पूर्वाधार निर्माणका योजनाहरु कोरोना संक्रमण लगायतका विभिन्न कारणबाट यसै आ.व.मा सम्पन्न गर्न नसकिने अवस्था भएमा आगामी आ.व. २०७७/७८ को पहिलो चौमासिक अवधिको ३ महिना श्रावण, भाद्र र असोजसम्म सम्पन्न गर्ने गरी म्याद थप गरी सो अबधीमा कार्य सम्पन्न गराई भुक्तानी प्रकृया अगाडि बढाउने । साथै चालु आ.ब. मा नै कार्य सम्पन्न भई विविध कारणबाट भुक्तानी हुन नसक्ने भएमा त्यस्ता योजनाहरुको रकम भुक्तानीको लागि **म.ले.प.फा.नं. १८** भरी आगामी आ.ब. २०७७/७८ को असोज महिना भित्र भुक्तानी दिने गरी जिम्मेवारी सार्ने ।

३६. यस नगरपालिकामा कार्यरत गैरसरकारी संघ संस्थावाट आ.व ०७७।०७८ मा यस नगरपालिका भित्र संचालन हुने गरी सम्बन्धित संस्थाबाट पेश हुन आएका योजना तथा कार्यक्रम र वजेटको बजेट तथा कार्यक्रम संलग्न अनुसूची बमोजिम नगर कार्यपालिकावाट यस सभामा पेश हुन आएकोमा सम्बन्धित संस्थाबाट पेश भए अनुसार योजना तथा कार्यक्रम सञ्चालन गर्न स्वीकृती प्रदान गर्ने । यस्तो कार्यक्रमको लागि नगरपालिकामा गैरसरकारी संस्था डेस्क (NGO-DESK) स्थापना गरी योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङकन गर्ने र चौमासिक रुपमा प्रगति समीक्षा समेत गर्ने व्यवस्था मिलाउने र विभिन्न संघ संस्थाहरुले आर्थिक बर्षको विचमा कुनै योजना तथा कार्यक्रम सञ्चालन गर्नको लागि अनुमती माग गरेमा नगर प्रमुखले स्वीकृती दिन सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

३७. मेलम्ची नगरपालिकाले कानूनी सल्लाहकारको आवश्यकता महशुस गरी मिति २०७५।०६।२९ मा निर्णय भै कानूनी सल्लाहकारको रुपमा काम गर्दै आउनुभएका अधिवक्ता **श्री भेषराम ढकाल**को कामकाज सन्तोषजनक भएको र नगरपालिकालाई कानुनी सल्लाहकारको सेवा आवश्यकता पर्ने हुँदा हाल भएको सम्झौता बमोजिम सेवा सुविधा पाउने गरी सम्झौता बमोजिम कामकाज गर्ने गरी

तपसिल बमोजिम २०७८ असार मसान्तसम्म करार सम्झौता गरी कानूनी सल्लाहकारको रुपमा काम लगाउने ।

३८. संलग्न अनुसूची बमोजिम नगरपालिका र मातहतका कार्यालयमा सेवा करारमा कार्यरत कर्मचारीलाई नेपाल सरकारबाट निजामती सेवाको समान पदमा उपलब्ध गराउने सूरु स्केलको तलब, सुविधा उपलब्ध गराउने गरी २०७७ श्रावण १ गते देखि २०७८ आषाढ मसान्तसम्म पुनः एक बर्षका लागि सेवा करार म्याद थप गर्ने । कार्यबोझ र आवश्यकताको आधारमा कार्यालय सहयोगी, कम्प्यूटर अपरेटर, सरसफाई कर्मचारी, सुरक्षा गार्ड, प्रविधिक सेवाका कर्मचारी, कर संकलक तथा नगर रक्षकहरु सेवा करारमा लिने ।

३९. मेलम्ची नगरपालिका र मातहतका वडा कार्यालयमा कार्यरत नियमित फिल्ड काम गर्नु पर्ने ईन्जिनियरीङ तर्फका इन्जिनियर, सव इन्जिनियर, अ.स.इ. र अमिन पदमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप आर्थिक वर्षमा उपलब्ध गराएको आम्शिक सुविधा कटौती गरी आगामी आर्थिक वर्षमा आवास, सञ्चार तथा फिल्ड सुविधा वापत खाइपाइ आएको तलबमानको २५ प्रतिशत र नगरपालिकाको अन्य शाखा तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको लागि आवास तथा सञ्चार बापत खाइपाइ आएको तलबमानको १५ प्रतिशतका दरले २०७७ साल श्रावण १ गते देखी लागु हुने गरी उपलब्ध गराउने ।

४०. मेलम्ची नगरपालिकाका सम्पुर्ण नगरस्तरिय, वडास्तरिय तथा अन्य कुनैपनि योजना कार्यान्वयन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका यस नगरपालिकामा सूचिकृत रहेका वेरोगजारहरुको सूचीका कामदारलाई पहिलो प्राथामिकता दिई उक्त सूचीबाट जनशक्ति उपलब्ध नहुने भएमा मात्र अन्य कामदारबाट काम गराउने व्यवस्था गर्ने ।

४१. मेलम्ची नगरपालिका क्षेत्रभित्र रहेका सार्वजानिक, पर्ति तथा सरकारी जग्गाको ब्यवस्थित तथ्याङ्क संकलन गरी अद्यावधिक गराई राख्ने । नगरपालिका भित्रका सडकहरु तथा नगर सडक गुरुयोजनामा उल्लेखित सडकहरुको लगत कट्टा अभियान सञ्चालन गर्ने, सार्वजानिक जग्गाहरुको संरक्षण सम्वन्धि Inventory बनाई कार्ययोजना स्वीकृत गरी लागु गर्ने ।

४२. दैनिक कार्य संञ्चालन तथा अत्यावश्यकीय कार्यहरु गर्नको लागि बाधा अड्चनहरु आइपरेमा तत्काल नगर कार्यपालिकाको बैठक बोलाउन सम्भब नभए नगर प्रमुखले बाधा अड्चनहरु फुकाई कार्य सञ्चालन गर्ने र त्यस्तो निर्णयहरुको अनुमोदन भने आगामी नगर कार्यपालिकाको बैठकबाट गराउने ।

४३. मेलम्ची नगरपालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका र नगरपालिकाको ब्यवसाय दर्ता प्रकृयामा नआएका बाँकी व्यवसायलाई उद्योग बाणिज्य संघ संगको सहकार्यमा व्यवसाय दर्ता कार्यलाई लाई

आ.व. ०७७।०७८ मा अभियानको रुपमा सञ्चालन गरी ९० **प्रतिशत** व्यवसायीहरुलाई व्यवसाय दर्ताको दायरामा ल्याउने ।

४४. मेलम्ची नगरपालिकाको विद्युतीय दुर्घटनाहरुलाई न्यूनीकरण गर्नको लागि यस नगरपालिका भित्र रहेका सवै विद्युतका काठका पोलहरुलाई फलामको पोलले विस्थापन गर्न आगामी आ.ब.मा नेपाल विद्युत प्राधिकरणबाट थप विद्युतका पोलहरु प्राप्त गरी नगरपालिकालाई काठको पोल मुक्त नगरपालिका घोषणा गर्ने गरी अभियानको रुपमा कार्य अगाडि बढाउन नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने ।

४५. नगरपालिका भित्रको खानेपानी तथा सरसफाई सम्वन्धी योजना तथा कार्यक्रमलाई समन्वय गर्न, नेपाल सरकार, प्रदेश सरकार र दातृसंस्था तथा गैरसरकारी संघ संस्थाहरुबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा दोहोरोपन आउन नदिन, नगरपालिकाले आगामी ३ वर्ष भित्रमा सवै नगरवासीको घरमा खानपानीको निजी धारा पुर्याउनको लागि नगर र वडास्तरीय देहाय बमोजिम खानेपानी, सरसफाई तथा समन्वय समिति गठन गरिनेछ । सो समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक अनिवार्य बैठक बसी योजना तथा कार्यक्रमहरुको समिक्षा तथा मूल्यांकन गर्नेछ । सो समितिले आवश्यकता अनुसार योजना तथा कार्यक्रमको स्थलगतरुपमा अनुगमन तथा मुल्याङ्कन गर्ने ।

नगरस्तरीय खानेपानी तथा सरसफाई समन्वय समन्वय समिति

| | | |
|---|---|---|
| नगर प्रमुख | – | संयोजक |
| उप प्रमुख | – | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | – | सदस्य |
| संयोजक, पूर्वाधार विकास समिति | – | सदस्य |
| संयोजक , सामाजिक विकास समिति | – | सदस्य |
| संयोजक, आर्थिक विकास समिति | – | सदस्य |
| संयोजक, वन, वातावरण तथा विपद व्यवस्थापन समिति | – | सदस्य |
| अध्यक्ष, नगर वा जिल्ला स्तरको गैर सरकारी महासंघ | – | सदस्य |
| अध्यक्ष, नेपाल पत्राकार महासंघ, जिल्ला वा नगर | – | सदस्य |
| प्रतिनिधि, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | – | सदस्य |
| नगरलिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | – | सदस्य |
| नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख | – | सदस्य |
| नगरपालिकाको प्राविधिक शाखाको शाखा प्रमुख | – | सदस्य–सचिव |

समितिले आवश्यकता अनुसार विभिन्न संघ संस्था प्रमुख तथा पदाधिकारीलाई बैठकमा आमन्त्रण सक्नेछ ।

## वडा स्तरीय खानेपानी तथा सरसफाई समन्वय समिति

| | | |
|---|---|---|
| वडा अध्यक्ष | – | संयोजक |
| वडा सदस्य (सवै) | – | सदस्य |
| वडा सचिव | – | सदस्य |
| स्वास्थ्य चौकी वा वडा स्तरीय स्वास्थ्य कार्यालयको प्रमुख | – | सदस्य |
| वडा भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक | – | सदस्य |
| सव ईन्जिनियर/असिष्टेण्ट सव ईन्जिनियर | – | सदस्य–सचिव |

समितिले आवस्यकता अनुसार विभिन्न संघ, संस्थाका प्रमुख तथा पदाधिकारीलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४६. मेलम्ची नगरपालिका अन्तर्गतका तालामाराङ, मेलम्ची, बाहुनेपाटी, पिप्ले तथा भोटेचौर क्षेत्रलाई व्यवस्थित शहरको रुपमा विकास गरी ब्यापारिक तथा पर्यटकीय केन्द्र बनाउन सकिने अवस्था रहेको हुँदा सो बिषयमा सम्भाब्यता अध्ययन गरी ब्यवस्थित योजना बनाई नयाँ शहरको रुपमा विकास गर्न शहरी विकास तथा भवन निर्माण विभागको नयाँ शहर आयोजनाको कार्यक्रममा समावेश गरी अगाडि बढाउन शहरी विकास तथा भवन निर्माण विभागलाई अनुरोध गर्ने ।

४७. यस नगरपालिका भित्रको बाँझो जग्गा उपयोग गरी आँप, लिच्ची, कटहर, सुन्तला, लप्सी, कागती, ड्रयागन फुड, किवी, टिमुर, वेसार, अदुवा, कफी, जापनीज हलुवावेद, नास्पाती, पाउलीनिया, एभोकार्डो, रुद्राक्ष, तेजपात, अम्रिसो जस्ता जातको बिरुवाहरुको पकेट क्षेत्र बनाई अभियानकोरुपमा खेती गरी फलफुल सहितको हरीत नगर बनाउनको लागि सम्वन्धित वडा समिति र नगर कार्यपालिकाको कृषि विकास शाखाले योजनाको खाका तयार गरी आवस्यक बजेट ब्यवस्था गर्न बागमती प्रदेश भूमी ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा अनुरोध गर्ने ।

४८. मेलम्ची नगरपालिकाबाट स्वीकृत भएको वडालाई बाँडफाँड गरिएका वडास्तरीय योजना तथा कार्यक्रमहरु मध्ये रु. ५ लाखसम्मका योजना तथा कार्यक्रमहरुलाई उपभोक्ता समितिसँग सम्झौता गरी कार्यान्वयन गर्नको लागि लागत अनुमान वडावाट तयार गरी स्वीकृत गर्ने, उपभोक्ता समितिसँग सम्झौता गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने र कार्य सम्पन्न भएपछि नगर कार्यपालिकाबाट स्वीकृत चेक लिस्ट अनुसारका कागजातहरु वडा सचिव र वडा अध्यक्षबाट प्रमाणित गरी भुक्तानीका लागि नगर कार्यपालिकाको कार्यालयमा पठाउने अधिकार वडा सचिवलाई प्रत्यायोजन गर्ने ।

४९. वडा कार्यालयबाट सम्झौता गरी उपभोक्ता समिति मार्फत सञ्चालन हुने रु. ५ लाख सम्मको योजना तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गरी लागत ईस्टीमेट तथा स्वीकृत नर्म्स बमोजिम कार्य भएको अवस्थामा भुक्तानीको लागि नगरकार्यपालिकाको कार्यालयमा सिफारिस गरी पठाउन देहाय बमोजिमको अनुगमन तथा मुल्याङ्कन समिति गठन गर्ने ।

## अनुगमन समिति

वडा अध्यक्ष – संयोजक

कम्तिमा २ जना वडा सदस्य – सदस्य

वडामा कार्यरत सव–ईन्जिनियर/असिस्टेन्ट सव–ईन्जिनियर वा

नगरपालिकाले तोकेको प्राविधक – सदस्य

वडा सचिव – सदस्य सचिव

(यस्तो अनुगमन समितिले योजना अनुगमन तथा मुल्याङ्कन गरी भुक्तानीको लागि कम्तिमा वडा अध्यक्ष सहित दुइ जना जनप्रतिनिधि सहित बहुमत सदस्यले निर्णय गरेको हुनुपर्नेछ)

५०. मेलम्ची नगरपालिकाको नगर तथा वडास्तरबाट र नगरपालिकाले विनियोजन गरेको बजेटबाट योजना तथा कार्यक्रम सञ्चालन गर्ने संघ, संस्था, उपभोक्ता समिति, क्लवहरुले नगरपालिकासँग संझौता गरी कार्यक्रम संचालन गर्दा खाना, खाजा, स्टेशनरी, होटलवास, प्रशिक्षक भत्ता, सहयोगी भत्ता, यातयात खर्च, हल भाडा लगायत विविध खर्च र सो कार्यक्रमसँग सम्वन्धित सम्पूर्ण शीर्षकगत खर्चहरु नेपाल सरकार, अर्थ मन्त्रालयले निर्धारण गरेको नर्म्स बमोजिमको हुनेगरी योजना तथा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने। नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकृतले र आर्थिक प्रशासन शाखा प्रमुखबाट कार्यक्रम स्वीकृत गराई मात्र संचालन गर्नुपर्ने। नियमानुसार पाउने भन्दा बढी रकम पेश भएमा बढी रकम भुक्तानी नगर्ने। योजना तथा कार्यक्रमको प्रस्ताव पेश गरी स्वीकृत भएअनुसार कार्यक्रम सञ्चालन गरी भुक्तानीको लागि पेश गर्नु पर्ने।

५१. यस नगरपालिकामा निजी आवास पुनः निर्माण अन्तिम चरणमा पुगेको अवस्था भएतापनि केही गरीव तथा असहायहरुले आर्थिक अवस्था कमजोर भएको कारणबाट निजी आवास पुनः निर्माणको दोस्रो र तेस्रो किस्ता लिन नसकेको अवस्था रहेको हुँदा नगरपालिकाले पुनःनिर्माण कोष स्थापना मार्फत कार्यविधि स्वीकृत गरी गरिव तथा असहायहरुलाई घुम्ती कोषको अवधारणाबाट आर्थिक सहयोग उपलब्ध गराइ यस नगरपालिकाका सम्पूर्ण लाभग्राहीहरुलाई निजी आवास निर्माण गर्न सहयोग गर्ने र निजी आवास पुनः निर्माण कार्यलाई शत प्रतिशत सम्पन्न गर्ने।

५२. यस नगरपालिकामा महामारीको रुपमा कुनै रोग फैलिएको अवस्थामा तत्काल नियन्त्रण गर्नको लागि साधन स्रोतको आवश्यकता पर्ने हुँदा नगरपालिकामा स्वास्थ्य उपचार कोष स्थापना गरी सालबसाली बजेट व्यवस्था गर्दै जाने र महामारी फैलिएको अवस्थामा तत्काल नियन्त्रणका उपायहरु अपनाउने, साथै आर्थिक वर्ष २०७७।७८ मा कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषमा रहेको रकमलाई सो प्रयोजनको लागि प्रयोग गर्ने।

५३. मेलम्ची तथा इन्द्रावती नदी क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा बिक्री मार्फत आन्तरिक आय संकलन गर्न चालु आर्थिक वर्षमा सम्झौता गरेको कम्पनी तिनपिप्ले निर्माण सेवाले मिति २०७६/१२/११ देखि नेपाल सरकारबाट कोभिड-१९ संक्रमण रोकथामको लागि गरेको लकडाउनको कारण देखाइ राजश्व संकलन गर्न नसक्ने भनी नगरपालिकामा निवेदन गरेको सम्वन्धमा मिति २०७७/०३/०५ को नगर कार्यपालिकाको निर्णयबाट उक्त आय संकलन ठेक्काको स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यदल गठन गरिएकोमा उक्त कार्यदलले आवश्यक पेश गरेको प्रतिवेदन बमोजिम सम्झौता अनुसार लकडाउन अवधिभर (२०७६।१२।११ देखि २०७७।२।३२ सम्म ८३ दिन) संकलन हुनुपर्ने औसत दैनिक रु. ६,७८,८४३।२२ का दरले जम्मा ८३ दिनको जम्मा रकम रु. ५,६३,४३,९८७।२६ (पाँच करोड त्रिसठी लाख त्रिचालिस हजार नौ सय सतासी रुपैयाँ पैसा छब्बिस मात्र) बाट तिनपिप्ले निर्माण सेवाले माथि उल्लेखित लकडाउन अवधिभर संकलन गरेको मू.अ.कर बाहेकको रकम रु. २,०१,८५,८४१।– (अक्षरुपी दुई करोड एक लाख पचासी हजार आठ सय एकचालिस रुपैयाँ मात्र) घटाउँदा हुन आउँने छुटयोग्य रकम रु. ३,६१,५८,१४६।२६ मा उक्त निर्माण सेवाको प्रशासनिक कार्यमा खर्च भएको रकम बापत लकडाउन अवधिमा संकलन भएको रकमको १०% ले हुने रकम रु. २०,१८,५८४।– (अक्षरुपी बिस लाख अठार हजार पाँच सय चौरासी रुपैयाँ मात्र) समेत गरी जम्मा रु. ३,८१,७६,७३०।२६ (अक्षरुपी तिन करोड एकासी लाख छयहत्तर हजार सात सय तिस रुपैयाँ पैसा छब्बिस मात्र) मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०७६ को दफा १६ तथा मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ७ को उपदफा (५ ) बमोजिम छुट दिने।